## प्रदेश विपत् व्यवस्थापन कार्यकारी समितिको बैठक

# पहिरोपीडितका लागि दस लाख



**बागमती प्रदेशको प्रदेश विपत् व्यवस्थापन कार्यकारी समितिको बैठकका सहभागी ।**

**मकवानपुर समाचारदाता**
*हेटौँडा, भदौ २७ गते*

बागमती प्रदेश सरकारले रामेछापको दोरम्बा शैलुङ गाउँपालिका–१, डडुवाका पहिरोपीडितलाई राहत तथा पुनर्स्थापनका लागि राहत रकम प्रदान गर्ने भएको छ। बागमती प्रदेशको प्रदेश विपत् व्यवस्थापन कार्यकारी समितिको बैठकले पहिरोपीडितलाई लक्षित गरी तत्काल राहत तथा पुनर्स्थापनका लागि १० लाख रुपियाँ दिने निर्णय गरेको हो।

समितिको यहाँ बसेको बैठकले रामेछाप जिल्ला प्रशासन कार्यालय रामेछापको विपत् व्यवस्थापन कोषमा जम्मा हुने गरी रकम निकासा गर्ने निर्णय गरेको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी रविता कार्कीले जानकारी दिनुभयो। यही भदौ ८ गते राति वर्षासँगको पहिरोले दोरम्बा शैलुङ गाउँपालिका–१, डडुवाको मझुवा, सल्लेटार, पात्ले, मङ्सिरेलगायतका क्षेत्रमा ठुलो क्षति पुऱ्याएको थियो। पहिरोले गाउँमा बस्न जोखिम भएपछि अति सीमान्तकृत थामी समुदायका ४३ घरपरिवार चिहानडाँडा तथा सडकमा त्रिपाल टाँगेर १८ दिनदेखि सामूहिक रूपमा बस्दै आएका छन्।

विपत् व्यवस्थापन, विपत्बाट असर परेका र पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्ति संरक्षण, विपत्बाट पीडितलाई राहत, घाइते वा बिरामीको उपचार, विपत्का कारण मृत्यु भएका परिवारलाई आर्थिक सहयोग प्रदानलगायतका कार्यका लागि प्रदेश सरकारले प्रदेश विपत् व्यवस्थापन कोष स्थापना गरेको छ। उक्त कोषबाट रामेछापमा १० लाख रुपियाँ दिने निर्णय गरेको र निकासाको चरणमा रहेको सूचना अधिकारी कार्कीले बताउनुभयो। यसअघि रामेछाप जिल्लामा विपत्मा परेकालाई राहत एवं पुनर्स्थापनाका लागि प्रदेशको कोषबाट ३० लाख रुपियाँ गइसकेको छ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेको अध्यक्षतामा बसेको प्रदेश विपत् व्यवस्थापन कार्यकारी समितिको बैठकले यसअघि काठमाडौँ जिल्ला विपत् व्यवस्थापन कोषका लागि निकासा भएको १० लाख रुपियाँ अनुमोदन गर्ने निर्णयसमेत गरेको छ।

प्रदेशका विभिन्न जिल्लाबाट बाढीपहिरोलगायतका विपत्का कारण क्षति भएका सडक, पुल, विद्यालय निर्माण, बस्ती संरक्षण, पहिरो नियन्त्रणलगायतका लागि बजेट माग गर्दै आएका आवेदन सम्बन्धित विषयगत मन्त्रालयमा पठाउने, पहिरोलगायतका विपत्को जोखिम रहेको हो भने विषयगत मन्त्रालयले स्थलगत अध्ययन गरी प्रतिवेदन समितिमा पठाउने र परिषद्मा पेस गर्ने प्रतिवेदन तयारी गर्ने निर्णय बैठकले गरेको छ। कार्यकारी समितिमा विपत् प्रभावित क्षेत्रबाट सहयोग, पुनर्निर्माणलगायतका लागि बजेट माग गर्दै गत असारबाट ६४ वटा आवेदन परेको मन्त्रालयले जनाएको छ। प्रदेश विपत् व्यवस्थापन कार्यकारी समितिको बैठकमा प्रदेशका विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रतिनिधिलगायतको सहभागिता थियो।

मन्त्री लामिछानेले चालु आवमा विपत् व्यवस्थापनका लागि गर्ने कार्यक्रम र कार्ययोजना बनिसकेको र कार्यान्वयनका क्रममा रहेको बताउँदै बजेटको सीमितताका कारण माग अनुसारको काम गर्न सक्ने अवस्था नरहेको जानकारी दिनुभयो। उहाँले आगामी असोजको पहिलो साता प्रदेश विपत् व्यवस्थापन परिषद्को बैठक बस्ने गरी तयारी गरिएको बताउँदै बैठकमा चालु आवमा प्रदेशभर भएका विपत्का घटना, आगामी रणनीतिलगायतका बारेमा छलफल प्रदेशस्तरमा विपत् व्यवस्थापनसम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने योजना रहेको सुनाउनुभयो।

विपत् व्यवस्थापन, विपत्बाट असर परेका र पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्ति संरक्षण, विपत्बाट पीडितलाई राहत, घाइते वा बिरामीको उपचार, विपत्का कारण मृत्युभएका परिवारलाई आर्थिक सहयोग प्रदानलगायतका कार्यका लागि प्रदेश विपत् व्यवस्थापन कोष स्थापना गरेको छ। उक्त कोषमा हाल सात करोड रुपियाँ रहेको मन्त्रालयले जनाएको छ।

## गौरीशङ्कर हिमालको क्षमापूजा

**दोलखा समाचारदाता**
*दोलखा, भदौ २७ गते*

नेपालको समय मापन विन्दुका रूपमा रहेको गौरीशङ्कर हिमाल रिसाएको भन्दै दोलखाको गौरीशङ्कर गाउँपालिका–९ को रोल्वालिङ क्षेत्र बेदिङका स्थानीयले क्षमापूजा गरेका छन्। गत असार २२ गते रोल्वालिङ खोलामा हिमताल फुटेर आएको बाढीले धनजनको समेत क्षति भएपछि रिसाएको भन्दै गौरीशङ्कर हिमाललाई स्थानीयले क्षमापूजा गरेका स्थानीय मिङमा शेर्पाले जानकारी दिनुभयो।

उहाँका अनुसार भर्जिन मानिने गौरीशङ्कर हिमाललाई धार्मिक आस्थाका रूपमा पुज्ने गरिन्छ। स्थानीयले करिब दुई सातादेखि यो हिमालको क्षमापूजा गर्दै आएका छन्। च्छोरोल्पा हिमताल नजिकै १७ जना लामाले बौद्ध विधि अनुसार भदौ १३ गतेबाट क्षमापूजा गरिरहेका छन्। स्थानीय दावा छिरिङ शेर्पाका अनुसार प्रकृति रिसाएपछि थप सङ्कट हुने र हिमालका ताल झन् जोखिम भएर बाढी आउने भन्दै प्रमुख लामा ङावाङ तेन्जिङ शेर्पालगायत लामाले बौद्ध र हिन्दु दुवै विधिमा क्षमापूजा गरिरहेका छन्।

गत भदौ १३ गतेबाट सुरु भएको क्षमापूजा भदौ ३० गतेसम्म निरन्तर चल्ने छ। गएको असार २२ मा रोल्वालिङ खोलामा हिमताल फुटेर आएको बाढीमा एक जना बेपत्ता हुनुका साथै डोगाङका आठ वटा होटेल र घर बगाएको थियो। रोल्वालिङ खोलामा आएको बाढीको अझैसम्म अध्ययन भने हुन सकेको छैन।

**सूचना ! सूचना !! सूचना !!!**

**पूर्व सूचना अनुसार मिति २०८१।५।२९ गते गर्ने भनिएको यस क्लबको ७३औं साधारणसभा काष्ठमण्डप पार्टी भेन्यु, परोपकार स्कुल भिमसेन स्थानमा हुने भएको हुँदा सम्पूर्ण संस्थापक, सल्लाहकार, आजीवन सदस्य, साधारण सदस्य तथा शुभेच्छुकहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।**

**मिति : २०८१ भदौ २९ गते शनिबार ।**
**समय : बिहान १०:०० बजे ।**

**संकटा क्लब**
**का.म.पा. २२, टेबहाल**

**उदयपुर सिमेन्ट उद्योग लि.को**
**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/२८** (13 September, 2024)
उद्योगको बोलपत्र नं. १-१/०८१-८२ अन्तर्गत Supply and delivery of Grinding Media Φ80mm-6MT,Φ70mm-6MT, बोलपत्र नं. २-१/०८१-८२ अन्तर्गत Procurement of Dismantling of Existing Weighing Feeders, Supply, Delivery, Testing and Commissioning of Clinker and Gypsum Weighing Feeder with Group control Panel with HMI in Full Turnkey Basis. खरिदका लागि इजाजत प्राप्त इच्छुक फर्महरूबाट रीतपूर्वकको बोलपत्र आह्वान गरिएको छ। सूचना सम्बन्धी विस्तृत विवरण www.bolpatra.gov.np/egp मा राखिएको छ। साथै थप जानकारी लिनुपरेमा उद्योगको प्रधान कार्यालय जलजले उदयपुरमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

Government of Nepal (GoN)
Ministry of Urban Development
**Department of Urban Development and Building Construction**
**Project Office of Urban Development and Building Construction**
Manthali, Ramechhap

**Invitation for Bids- IFB: 01/081/82**

**Date of publication: 2081/05/28**

Project Office of Urban Development and Building Construction (PUDBC), Ramechhap invites electronic bids from eligible bidders for the following work under NCB Single Stage Single Envelope bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| S. N. | IFB No. | Name of Project | Total Estimate Amount (Including PS and VAT) NRs. | Document Fee NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | PUDBC/RAMECHHAP/ NCB/WORKS-01/081/82 | Road Upgradation works at Nepane Tole, Chautara Sangachowkgadhi-07, Sindhupalchok | 96,55,743.49 | 3,000.00 | 2,40,000.00 |
| 2 | PUDBC/RAMECHHAP/ NCB/WORKS-02/081/82 | Road Upgradation works at Devithan-Surare Section, Tripura Sundari-02, Sindhupalchok | 96,55,734.61 | 3,000.00 | 2,40,000.00 |
| 3 | PUDBC/RAMECHHAP/ NCB/WORKS-03/081/82 | Integrated Infrastructure development works at Indrawati RM-12, Sindhupalchok | 96,56,702.83 | 3,000.00 | 2,40,000.00 |
| 4 | PUDBC/RAMECHHAP/ NCB/WORKS-04/081/82 | Conservation and Infrastructure development works at Historical Duguna Gadhi, Bhotekoshi RM-03, Sindhupalchok | 96,57,563.27 | 3,000.00 | 2,40,000.00 |

**Project Chief**

**प्रदेश लोक सेवा आयोग**
लुम्बिनी प्रदेश, बुटवल

**प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा समूहका अधिकृत नवौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।**

सूचना नं. ५८
प्रकाशन मिति : २०८१/०५/२८

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (७) बमोजिम तपसिल बमोजिमका पदहरूमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उमेदवारहरूले प्रदेश लोकसेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/७/१ गते सम्म दरखास्त दिनुहुन सूचना गरिन्छ।

**तपसिल**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १/०८१/०८२ | उपसचिव/निर्देशक | नवौँ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ५ |
| २ | २/०८१/०८२ | डिभिजन वन अधिकृत/वन उपनिर्देशक | नवौँ | प्रदेश वन/जनरल फरेस्ट्री | १ |
| ३ | ३/०८१/०८२ | डि.ई. | नवौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/वी.एन्ड आ. | १ |
| ४ | ४/०८१/०८२ | डि.ई. | नवौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/इरिगेसन | २ |
| ५ | ५/०८१/०८२ | डि.ई. | नवौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| ६ | ६/०८१/०८२ | उपसचिव/उप निर्देशक | नवौँ | प्रदेश शिक्षा/शिक्षा प्रशासन | २ |
| ७ | ७/०८१/०८२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थो सर्जरी | १ |
| ८ | ८/०८१/०८२ | कन्सल्टेन्ट एनेस्थोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/ एनेस्थोलोजिस्ट | १ |
| ९ | ९/०८१/०८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन | नवौँ | प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पे.मे. | १ |
| १० | १०/०८१/०८२ | कन्सल्टेन्ट प्याथोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/प्याथोलोजी | १ |
| ११ | ११/०८१/०८२ | कन्सल्टेन्ट रेडियोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/रेडियोलोजी/रेडियो डाइग्नोसिस | २ |
| १२ | १२/०८१/०८२ | कन्सल्टेन्ट सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | १ |
| १३ | १३/०८१/०८२ | कन्सल्टेन्ट साईक्याट्रिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/ साइक्याट्री | १ |
| १४ | १४/०८१/०८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | नवौँ | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | १ |
| १५ | १५/०८१/०८२ | जनस्वास्थ्य प्रशासक | नवौँ | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | २ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा सूचित गरिन्छ।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू**

१. लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ बमोजिम बढुवाका लागि उमेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।
२. ज्येष्ठताको गणना लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २७ र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५७(२) बमोजिम हुनेछ।
३. दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पस्ट खुलाउनुपर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी /तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ।
६. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८(४), दफा ३९(१)(ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ।
७. बढुवाका लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१, दफा ३८(२) र प्रदेश निजामती सेवा नियमावली २०८० को नियम ७० बमोजिम हुनुपर्नेछ।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ।

**दरखास्त दस्तुर:** रु. १,२००/- (एक हजार दुई सय रुपैयाँ)
**दरखास्त दस्तुर बुझाउने स्थान:** राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०००१००२०००१००००
**कार्यालय कोड:** २१०००४८०१५ मा दस्तुर जम्मा गर्नुपर्नेछ।
**कार्यालय कोड:** २१०००४८०१५ (लुम्बिनी प्रदेश लोक सेवा आयोग)
**राजस्व शीर्षक नं.** १४२२४
**नोट:** ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

**प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा समूहका अधिकृत नवौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।**

सूचना नं. ५९
प्रकाशन मितिः २०८१/०५/२८

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (७) बमोजिम तपसिल बमोजिमका पदहरूमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उमेदवारहरूले प्रदेश लोकसेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/७/१ गतेसम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिन्छ।

**तपसिल**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | कार्यक्षमता मूल्याङ्कनद्वारा हुने पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १६/०८१/०८२ | उपसचिव/निर्देशक | नवौँ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ५ |
| २ | १७/०८१/०८२ | डिभिजन वन अधिकृत/वन उपनिर्देशक | नवौँ | प्रदेश वन/जनरल फरेस्ट्री | १ |
| ३ | १८/०८१/०८२ | डि.ई. | नवौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानीटरी | १ |
| ४ | १९/०८१/०८२ | डि.ई. | नवौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/वि.एन्ड आ. | १ |
| ५ | २०/०८१/०८२ | डि.ई. | नवौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/ईरिगेशन | २ |
| ६ | २१/०८१/०८२ | डि.ई. | नवौँ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| ७ | २२/०८१/०८२ | उपसचिव/उप निर्देशक | नवौँ | प्रदेश शिक्षा/शिक्षा प्रशासन | २ |
| ८ | २३/०८१/०८२ | मुख्य कृषि प्रसार अधिकृत | नवौँ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| ९ | २४/०८१/०८२ | मुख्य कृषि अर्थ विज्ञ | नवौँ | प्रदेश कृषि/एग्.इको.एन्ड मार्केटिङ | १ |
| १० | २५/०८१/०८२ | मुख्य बाली विकास अधिकृत | नवौँ | प्रदेश कृषि/बाली विकास | १ |
| ११ | २६/०८१/०८२ | मुख्य पशु चिकित्सक | नवौँ | प्रदेश कृषि/भेटिनरी | १ |
| १२ | २७/०८१/०८२ | मुख्य पशु विकास अधिकृत | नवौँ | कृषि/ला.पो. एन्ड डे.डे. | १ |
| १३ | २८/०८१/०८२ | अस्पताल नर्सिङ प्रशासक | नवौँ | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | १ |
| १४ | २९/०८१/०८२ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/ कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजिस्ट | २ |
| १५ | ३०/०८१/०८२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थो सर्जरी | २ |
| १६ | ३१/०८१/०८२ | कन्सल्टेन्ट आयुर्वेद विज्ञ | नवौँ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल | १ |
| १७ | ३२/०८१/०८२ | कन्सल्टेन्ट इ.एन.टी. सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/ओटोरिनोल्यारिङ्गोलोजी | १ |
| १८ | ३३/०८१/०८२ | कन्सल्टेन्ट एनेस्थोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/ एनेस्थोलोजिस्ट | १ |
| १९ | ३४/०८१/०८२ | कन्सल्टेन्ट कार्डियोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/मेडिसिन/कार्डियोलोजी | १ |
| २० | ३५/०८१/०८२ | कन्सल्टेन्ट ग्यास्ट्रोइन्टेरोलोजिकल सर्जन | नवौँ | स्वास्थ्य/सर्जरी/ ग्यास्ट्रोइन्टेरोलोजिकल सर्जन | १ |
| २१ | ३६/०८१/०८२ | कन्सल्टेन्ट डेन्टल सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/डेन्टिस्ट्री/जनरल डेन्टल | १ |
| २२ | ३७/०८१/०८२ | कन्सल्टेन्ट नेफ्रोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/मेडिसिन/नेफ्रोलोजी | १ |
| २३ | ३८/०८१/०८२ | कन्सल्टेन्ट न्यूरो सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/सर्जन/न्यूरो सर्जन | १ |
| २४ | ३९/०८१/०८२ | कन्सल्टेन्ट न्यूरोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/मेडिसिन/न्यूरोलोजी | १ |
| २५ | ४०/०८१/०८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन | नवौँ | प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पे.म. | २ |
| २६ | ४१/०८१/०८२ | कन्सल्टेन्ट प्याथोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/प्याथोलोजी | १ |
| २७ | ४२/०८१/०८२ | कन्सल्टेन्ट यूरो सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/सर्जरी/यूरो सर्जरी | १ |
| २८ | ४३/०८१/०८२ | कन्सल्टेन्ट रेडियोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/रेडियोलोजी/रेडियो डाइग्नोसिस | २ |
| २९ | ४४/०८१/०८२ | कन्सल्टेन्ट सर्जन | नवौँ | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | १ |
| ३० | ४५/०८१/०८२ | कन्सल्टेन्ट साइक्याट्रिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/ साइक्याट्री | १ |
| ३१ | ४६/०८१/०८२ | कन्सल्टेन्ट काय चिकित्सक | नवौँ | प्रदेश स्वास्थ्य/आयुर्वेद/कायचिकित्सा | १ |
| ३२ | ४७/०८१/०८२ | कन्सल्टेन्ट कौमारभृत्य | नवौँ | प्रदेश स्वास्थ्य/आयुर्वेद/ कौमारभृत्य | १ |
| ३३ | ४८/०८१/०८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | नवौँ | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | १ |
| ३४ | ४९/०८१/०८२ | कन्सल्टेन्ट माइक्रोबायोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/प्याथोलोजी/ माइक्रोबायोलोजि | १ |
| ३५ | ५०/०८१/०८२ | कन्सल्टेन्ट स्त्रीरोग तथा प्रसूति चिकित्सक | नवौँ | प्रदेश स्वास्थ्य/आयुर्वेद/स्त्रीरोग तथा प्रसूति | १ |
| ३६ | ५१/०८१/०८२ | जनस्वास्थ्य प्रशासक | नवौँ | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | ३ |
| ३७ | ५२/०८१/०८२ | मेडिकल सुपरिटेन्डेन्ट | नवौँ | प्रदेश स्वास्थ्य/ज.हे.स. | १ |
| ३८ | ५३/०८१/०८२ | कन्सल्टेन्ट मेडिकल जनरलिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/मेडिकल जनरलिस्ट | १ |
| ३९ | ५४/०८१/०८२ | मेडिकल ल्याब टेक्नोलोजिस्ट प्रशासक | नवौँ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./जनरल मे.ल्या.टे. | १ |
| ४० | ५५/०८१/०८२ | स्वास्थ्य प्रशासक/मेडिकल सुपरिटेन्डेन्ट/ मलेरियोलोजिस्ट | नवौँ | प्रदेश स्वास्थ्य/पब्लिक हेल्थ एडमिनिस्ट्रेसन | १ |
| ४१ | ५६/०८१/०८२ | स्वास्थ्य शिक्षा प्रशासक | नवौँ | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेसन | १ |

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उमेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू**

१. लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ बमोजिम बढुवाका लागि उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।
२. ज्येष्ठताको गणना लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २७ र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५७(२) बमोजिम हुनेछ।
३. दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी /तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्नेछ।
६. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३८(४) र दफा ३९(१)(ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्नेछ।
७. बढुवाका लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१, दफा ३८(२) र नियमावलीको नियम ७० बमोजिम हुनेछ।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ।

**दरखास्त दस्तुर:** रु. १,२००/- (एक हजार दुई सय रुपैयाँ)
**दरखास्त दस्तुर बुझाउने स्थान:** राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०००१००२०००१००००
**कार्यालय कोड:** २१०००४८०१५ मा दस्तुर जम्मा गर्नुपर्नेछ।
**राजस्व शीर्षक नं.** १४२२४
**नोट:** कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

लुम्बिनी प्रदेश सभा

# स्थानीय सेवा गठनसम्बन्धी विधेयक पेस

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी बनाउन भूमिका खेल्ने गरी विधेयक तयार

**घोराही समाचारदाता**
*घोराही, भदौ २७ गते*

लुम्बिनी प्रदेश सभामा स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको प्रतिवेदनसहितको विधेयक पेस भएको छ।

बुधबार बसेको लुम्बिनी प्रदेश सभाको चौथो अधिवेशनको २९ औँ बैठकमा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको प्रतिवेदनसहितको विधेयक सभामा पेस गर्नुभएको हो।

भदौ ६ गते बसेको प्रदेश सभाको २७ औँ बैठकले प्रतिवेदनसहित पेस भएको विधेयकलाई पुनः समितिमा पठाइएको थियो। समितिले विधेयकमाथि पुनः छलफल गरेर बुधबारको बैठकमा पेस गरेको हो। प्रदेश सभामा गएको वैशाख ३० गते दर्ता भएको विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाइएको थियो। प्रदेश मामिला तथा कानुन समितिले प्रतिवेदनसहितको विधेयक तयार पार्न ३६ औँ बैठक सम्पन्न गरेको र लामो छलफलबाट प्रतिवेदन पुनः सभामा पेस गरिएको समितिका सभापति बुढाले जानकारी दिनुभयो।

सभापति बुढाले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी बनाउन भूमिका खेल्ने गरी विधेयक तयार भएको बताउनुभयो। बुधबार बसेको बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यका तर्फबाट भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले प्रदेश विपत् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि प्रदेश मामिला तथा कानुन समितिमा पठाउन प्रस्ताव पेस गर्नुभएको थियो।



*तस्बिर : लीलाधर वली*

**दाङको देउखुरीमा रहेको लुम्बिनी प्रदेश सभा भवन।**

प्रदेश सभाको विशेष समयमा बोल्दै प्रदेश सभा सदस्य होसउद्दिन खानले रुपन्देही जिल्लाको मर्चवार क्षेत्रमा भएको सामूहिक बलात्कारको घटनामा संलग्नलाई कडाभन्दा कडा कारबाहीको माग गर्नुभएको छ। प्रदेश सभाको विशेष समयमा बोल्दै उहाँले अहिले बलात्कार गर्ने अपराधीलाई सजाय कम भएको भन्दै मृत्युदण्डको व्यवस्था गर्नुपर्ने माग गर्नुभएको थियो।

प्रदेश सभाको बैठकमा बोल्दै अन्य सदस्यले विकास निर्माणका काम तत्काल बढाउनुपर्ने, प्रदेशका विभिन्न जिल्लामा भएका छोटी भन्सार कार्यालय बन्द रहेकाले सञ्चालनका लागि पहल गर्नुपर्ने, पर्यटकीय क्षेत्रको विकासका लागि पहल गर्नुपर्ने, चाडपर्वका समयमा बजारमा हुने कालोबजारी र महँगीलाई नियन्त्रण गर्नका लागि माग गर्नुभएको थियो।

प्रदेश सभाको बैठकमा प्रदेश सभा सदस्य भगवती अधिकारी, जानकी न्यौपाने, कन्हैया बानियाँ, चन्द्रकेश गुप्ता, मीना श्रेष्ठ, विष्णुप्रसाद पन्थी, जन्मजय तिमिल्सेना, इन्द्रजित थारू र यमुना रोका तामाङलगायतले आआफ्ना क्षेत्रका समस्याबारे सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

## दस जनाविरुद्ध मुद्दा दर्ता

**बाँके समाचारदाता**
*बाँके, भदौ २७ गते*

बाँकेको राप्तीसोनारी गाउँपालिका–२ का वडाध्यक्ष ज्ञानेन्द्रराज वलीसहित १० जनाविरुद्ध ज्यान मार्ने उद्योगमा जिल्ला अदालत बाँकेमा मुद्दा दर्ता भएको छ। जिल्ला सरकारी वकिलको कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलले १० जनाविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएको जानकारी दिनुभयो। वडाध्यक्ष ज्ञानेन्द्रराज वली, विशाल बस्नेत, चूडामणि वली, लोकबहादुर डाँगी र रत्नबहादुर भण्डारीविरुद्ध मुद्दा दर्ता गरिएको छ। उनीहरू पाँचै जना पक्राउ परेका छन्।

यसै गरी हाल फरार रहेका नारायण डाँगी, नवीन गुरुङ, आगमनप्रताप सिंह, सन्तोष गुप्ता र पूर्णचन्द्र देवकोटाविरुद्ध पनि मुद्दा दायर गरिएको हो। राप्तीसोनारी–२ का स्यान्डी भनिने सिन्दप विष्ट र वैजनाथ–७ का सुलभ मल्ललाई एक समूहले गत साउन १ गते धारिलो हतियार प्रयोग गरी गम्भीर घाइते बनाएको थियो। मल्ल र विष्टको शिक्षण अस्पताल नेपालगन्ज, भारतको लखनउ हुँदै हाल भारतको राजधानी नयाँ दिल्लीमा उपचार भइरहेको छ। विष्टको दुवै हातमा र मल्लको कोखामा धारिलो हतियार प्रहार गरिएको छ। दुवैको अवस्था गम्भीर छ।

यसैबिच नेकपा (एमाले) सम्बद्ध युवा सङ्घ बाँकेले घटनास्थलमा नभएका वडाध्यक्ष वलीलाई राजनीतिक आस्थाका आधारमा नियोजित रूपमा फसाउन खोजिएको दाबी गरेको छ। युवा सङ्घले वास्तविक दोषीलाई कारबाही गर्न र निर्दोषलाई न्याय दिन माग गर्दै आएको छ।

विष्ट र मल्ललाई खुँडा प्रहार भएको समयमा युवा सङ्घ बाँकेका अध्यक्षसमेत रहनुभएका वली घटनास्थलमा नभएको र घटनामा कुनै पनि संलग्नता नरहेको युवा सङ्घले दाबी गरेको छ।

## ‘युवाको सक्रियताले पार्टी सशक्त बन्छ’

**गुल्मी समाचारदाता**
*गुल्मी, भदौ २७ गते*

नेपाली कांग्रेसका नेता डा. चन्द्र भण्डारीले पार्टीमा युवा नेताको सक्रियता बढ्दा पार्टी सशक्त बन्दै जाने बताउनुभएको छ। नेपाली कांग्रेस रेसुङ्गा नगरपालिकाद्वारा बिहीबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले आफू ग्यास दुर्घटनामा परेर बिरामी पर्दा जिल्लामा पर्ने योजना पनि बिरामी परेको बताउनुभयो। स्वास्थ्यमा धेरै सुधार हुँदै गएकाले यस पटकको बजेटमा यस जिल्लामा सबैभन्दा धेरै योजना र बजेट ल्याउन सफल भएको बताउनुभयो।

विकास निर्माणका कार्य बजेटले नरोकिने उहाँले बताउनुभयो। जनप्रतिनिधिले गरेका विकासका काम सबै स्थानका नागरिकले देखिने हुनुपर्ने भन्दै भण्डारीले आगामी निर्वाचनमा गठबन्धनबिना एक्लाएक्लै पार्टीहरू चुनावमा जाने परिस्थिति आउन सक्ने दाबी गर्नुभयो।

लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले कांग्रेस सांसदहरूले निर्वाचित भएपछि समान विकासको अवधारणालाई अगाडि बढाएको बताउनुभयो। प्रदेशमा सिंहदरबारभन्दा ठुला भवन बनिरहेको भन्दै लुम्बिनीमा सम्पन्न भएका योजनाको भुक्तानीसमेत दिन नसकेको उहाँले गुनासो गर्नुभयो। चुनाव निकै खर्चिलो बन्दै गएकाले कार्यकर्ता पनि जिम्मेवार



*तस्बिर : रमेश विश्वकर्मा*

**कार्यक्रमलाई सम्बोधन गर्दै नेता चन्द्र भण्डारी।**

र इमानदार बन्न आवश्यक रहेको भन्दै आर्थिक रूपमा भोट किनबेच हुने प्रवृत्तिले समस्या भएको उहाँले बताउनुभयो।

नेपाली कांग्रेस लुम्बिनी प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठले पार्टीभित्र असन्तुष्टि बढ्दै गएको भन्दै पार्टी नेतृत्व गम्भीर हुनुपर्ने बताउनुभयो। पार्टीमा संस्थागतसँगै गुटबन्दीको अन्त्य गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

जनता नेताप्रति आक्रोशित बनिरहेको भन्दै उहाँले पार्टीमा चाकडी र चाप्लुसी प्रवृत्ति विकसित भइरहेकाले पार्टी कमजोर बन्न सक्ने बताउनुभयो। प्रजातान्त्रिक पार्टीमा सिद्धान्त र व्यवहार फरक फरक भएको भन्दै नेताहरूले बोलेको कुरा व्यवहारमा लागु गर्न जरुरी रहेको उहाँले बताउनुभयो।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**राष्ट्रिय साइबर सुरक्षा केन्द्र**

**क्याटलग सपिङ विधिबाट सवारीसाधन खरिद गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१।०५।२८)

सूचना नं.: NCSC/CS/G/2081-82/01

यस केन्द्रका लागि देहाय बमोजिमका सवारीसाधनहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ को (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख. बमोजिम उत्पादक वा सोको आधिकारिक बिक्रेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताले कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, आधिकारिक बिक्रेताको प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको साथमा आ.व. २०८०/०८१ को कर विवरण पेश गरेको प्रमाण/म्याद थपको प्रमाण लगायतका कागजातहरूको प्रमाणित प्रतिलिपि समावेश गरी सोही नियमावलीको नियम ३१ख. उपनियम २ बमोजिम सवारीसाधनको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी मिति २०८१/०६/०६ गते दिनको १ बजेभित्र देहायका प्याकेजहरूमध्ये कुनै एक वा एकभन्दा बढी प्याकेजका लागि सिलबन्दी निवेदन/प्रस्ताव दर्ता गराउनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ। नियमानुसार पेस हुन आएका प्रस्तावहरू मिति २०८१/०६/०६ गते दिनको २ बजे राष्ट्रिय साइबर सुरक्षा केन्द्र, सिंहदरबार, काठमाडौँमा खोलिनेछ।

**देहायः**

| प्याकेज नं. | सवारीसाधन | सङ्ख्या | कागजात प्राप्त गर्ने तथा प्रस्ताव पेश गर्ने कार्यालय, स्थान र सम्पर्क |
|---|---|---|---|
| NCSC/CS/G/2081-82/01/P1 | चार पाङ्ग्रे हलुका सवारीसाधन (कार) | १ थान | राष्ट्रिय साइबर सुरक्षा केन्द्र, सिंहदरबार, काठमाडौँ। Email: info@ncsc.gov.np फोन नं. ०१-४२१११९८, मोबाइल नं. ९७६३६९२२८९ www.ncsc.gov.np |
| NCSC/CS/G/2081-82/01/P2 | दुई पाङ्ग्रे सवारीसाधन (मोटरसाइकल) | २ थान | |
| NCSC/CS/G/2081-82/01/P3 | दुई पाङ्ग्रे सवारीसाधन (स्कुटर) | ३ थान | |


## वडा सदस्य नेपाली पदमुक्त

**गुल्मी समाचारदाता**
*गुल्मी, भदौ २७ गते*

गुल्मीको छत्रकोट गाउँपालिकाकी एक दलित महिला सदस्य पदमुक्त हुनुभएको छ। यस गाउँपालिकाको वडा नम्बर ५, खर्ज्याङको वडा सदस्यमा नेपाली कांग्रेसबाट निर्वाचित दलित महिला सदस्य उर्मिला आचार्य नेपाली पदमुक्त हुनुभएको हो। कांग्रेसबाट २०७९ सालको स्थानीय तहको निर्वाचनमा निर्वाचित नेपाली नेकपा (एमाले) मा प्रवेश गरेसँगै नेपाली कांग्रेस जिल्ला कार्यसमिति गुल्मीले पार्टी परित्याग गरेको जानकारी केन्द्रीय कार्यसमितिलाई गराएको सभापति खिलध्वज पन्थीले बताउनुभयो।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३२ को उपदफा (१) र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ बमोजिम दल त्याग गरेको बेहोरा दलको केन्द्रीय समितिले निर्णय गरी आयोगलाई जानकारी गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। नेपाली कांग्रेस केन्द्रीय समितिको निर्णयको प्रतिलिपिसहित अन्य दलमा प्रवेश गरेको भनी आयोगमा आएको जानकारी अनुसार निर्वाचन आयोगको भदौ २५ गतेको निर्णयबाट उहाँलाई पदमुक्त गरिएको छ।

राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम २२ को उपनियम (२) र (३) बमोजिम नेपालीको पद खाली भएको आयोगले जनाएको छ।


**प्रदेश लोक सेवा आयोग**
लुम्बिनी प्रदेश

**प्रदेश निजामती सेवा अन्तर्गत अधिकृत नवौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूको अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन।**

सूचना नं. ६० | प्रकाशन मितिः २०८१/५/२८

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३ को उपदफा (३) बमोजिम लुम्बिनी प्रदेश सरकार मातहतका मन्त्रालय तथा निकायहरूमा देहाय बमोजिमका उल्लिखित सेवा समूह र उपसमूहका नवौँ तहका (प्राविधि/अप्राविधिक) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशबाट माग भए बमोजिमका पदहरूमा प्रदेश निजामती सेवा ऐन तथा नियमावली बमोजिम अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका पदहरूमा योग्यता पुगेका उम्मेदवारहरूबाट विद्युतीय (online) दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट (online) दरखास्त दिनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|
| **(अ) अप्राविधिकतर्फ** | | | | | |
| १ | ५०००१/०८१/८२ | उपसचिव/निर्देशक | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तर तह | २ |
| २ | ५०००२/०८१/८२ | | | खुला | ३ |
| ३ | ५०००३/०८१/८२ | | | खस आर्य महिला | १ |
| ४ | ५०००४/०८१/८२ | | | आ.ज. महिला | १ |
| ५ | ५०००५/०८१/८२ | | | मधेशी महिला | १ |
| **(आ) प्राविधिकतर्फ** | | | | | |
| १ | ५४००१/०८१/८२ | डिभिजन वन अधिकृत/वन उपनिर्देशक | प्रदेश वन/जनरल फरेस्ट्री | अन्तर तह | १ |
| २ | ५४००२/०८१/८२ | | | खुला | १ |
| ३ | ५४००३/०८१/८२ | | | आ.ज. महिला | १ |
| ४ | ५४००४/०८१/८२ | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत | प्रदेश वन/स्वायल एन्ड वाटर कन्जरभेसन | खुला | १ |
| ५ | ५२००१/०८१/८२ | डि.ई. | प्रदेश इन्जिनियरिङ/सिभिल/स्यानिटरी | खुला | १ |
| ६ | ५२००२/०८१/८२ | डि.ई. | प्रदेश इन्जिनियरिङ/सिभिल/वी.एन्ड आ. | खुला | १ |
| ७ | ५२००३/०८१/८२ | डि.ई. | प्रदेश इन्जिनियरिङ/सिभिल/ईरिगेसन | खुला | २ |
| ८ | ५२००४/०८१/८२ | | | आ.ज. महिला | १ |
| ९ | ५२००५/०८१/८२ | डि.ई. | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | खुला | १ |
| १० | ५२००६/०८१/८२ | डि.ई. | प्रदेश इन्जिनियरिङ/सिभिल/हाइवे | खुला | १ |
| ११ | ५५००१/०८१/८२ | उपसचिव/उप निर्देशक | प्रदेश शिक्षा/शिक्षा प्रशासन | अन्तर तह | १ |
| १२ | ५५००२/०८१/८२ | | | खुला | १ |
| १३ | ५५००३/०८१/८२ | | | आ.ज. महिला | १ |
| १४ | ५३००१/०८१/८२ | मुख्य कृषि प्रसार अधिकृत | प्रदेश कृषि/कृषि प्रसार | खुला | १ |
| १५ | ५३००२/०८१/८२ | मुख्य कृषि अर्थ विज्ञ | प्रदेश कृषि/एगृ. इको. एन्ड मार्केटिङ | खुला | १ |
| १६ | ५३००३/०८१/८२ | मुख्य माटो विज्ञ | प्रदेश कृषि/माटो विज्ञान | खुला | १ |
| १७ | ५३००४/०८१/८२ | मुख्य बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | खुला | १ |
| १८ | ५३००५/०८१/८२ | मुख्य पशु चिकित्सक | प्रदेश कृषि/भेटेरिनरी | खुला | १ |
| १९ | ५३००६/०८१/८२ | मुख्य पशु विकास अधिकृत | कृषि/ला.पो. एन्ड डे.डे. | खुला | १ |
| २० | ५१००१/०८१/८२ | अस्पताल नर्सिङ प्रशासक | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | खुला | १ |
| २१ | ५१००२/०८१/८२ | कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजिस्ट | प्रदेश स्वास्थ्य/ कन्सल्टेन्ट अब्स्ट्रेटिक्स एन्ड गाइनोकोलोजिस्ट | अन्तर तह | १ |
| २२ | ५१००३/०८१/८२ | | | खुला | १ |
| २३ | ५१००४/०८१/८२ | | | आ.ज. महिला | १ |
| २४ | ५१००५/०८१/८२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थो सर्जरी | खुला | १ |
| २५ | ५१००६/०८१/८२ | | | आ.ज. महिला | १ |
| २६ | ५१००७/०८१/८२ | कन्सल्टेन्ट आयुर्वेद विज्ञ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल | खुला | १ |
| २७ | ५१००८/०८१/८२ | कन्सल्टेन्ट इ.एन.टी. सर्जन | प्रदेश स्वास्थ्य/ओटोरिनोल्यारिङ्गोलोजी | खुला | १ |
| २८ | ५१००९/०८१/८२ | कन्सल्टेन्ट एनेस्थोलोजिस्ट | प्रदेश स्वास्थ्य/ एनेस्थोलोजिस्ट | अन्तर तह | १ |
| २९ | ५१०१०/०८१/८२ | | | खुला | १ |
| ३० | ५१०११/०८१/८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन | प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पे.म. | खुला | १ |
| ३१ | ५१०१२/०८१/८२ | | | आ.ज. महिला | १ |
| ३२ | ५१०१३/०८१/८२ | कन्सल्टेन्ट प्याथोलोजिस्ट | प्रदेश स्वास्थ्य/प्याथोलोजी | खुला | १ |
| ३३ | ५१०१४/०८१/८२ | कन्सल्टेन्ट रेडियोलोजिस्ट | प्रदेश स्वास्थ्य/रेडियोलोजी/रेडियो डाइग्नोसिस | खुला | १ |
| ३४ | ५१०१५/०८१/८२ | | | आ.ज. महिला | १ |
| ३५ | ५१०१६/०८१/८२ | कन्सल्टेन्ट सर्जन | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | अन्तर तह | १ |
| ३६ | ५१०१७/०८१/८२ | | | खुला | १ |
| ३७ | ५१०१८/०८१/८२ | कन्सल्टेन्ट साइक्याट्रिष्ट | प्रदेश स्वास्थ्य/ साइक्याट्री | खुला | १ |
| ३८ | ५१०१९/०८१/८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | अन्तर तह | १ |
| ३९ | ५१०२०/०८१/८२ | | | खुला | १ |
| ४० | ५१०२१/०८१/८२ | जनस्वास्थ्य प्रशासक | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | अन्तर तह | १ |
| ४१ | ५१०२२/०८१/८२ | | | खुला | २ |
| ४२ | ५१०२३/०८१/८२ | | | आ.ज. महिला | १ |
| ४३ | ५१०२४/०८१/८२ | मेडिकल ल्याब टेक्नोलोजिस्ट प्रशासक | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./जनरल मे.ल्या.टे. | खुला | १ |
| ४४ | ५१०२५/०८१/८२ | स्वास्थ्य प्रशासक/मेडिकल सुपरिटेन्डेन्ट/मलेरियोलोजिस्ट | प्रदेश स्वास्थ्य/पब्लिक हेल्थ एडमिनिस्ट्रेसन | खुला | १ |
| ४५ | ५१०२६/०८१/८२ | स्वास्थ्य शिक्षा प्रशासक | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेसन | खुला | १ |

**परीक्षाको किसिमः-** पाठ्यक्रममा तोकिए अनुसार (लिखित परीक्षा, (मामिला अध्ययन, विश्लेषण, प्रस्तुतीकरण प्रशासन सेवाको हकमा) र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** बुटवल।

**परीक्षा मिति, समय र स्थानः-** परीक्षा मिति सम्बन्धी जानकारी दरखास्त दस्तुर बुझाउने अन्तिम मितिको भोलिपल्ट आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np मार्फत प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यमः-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आफैँले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रूपमा उम्मेदवारहरूले आफ्नै मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. १,२००।- (एक हजार दुई सय) बुझाउनुपर्नेछ। थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. ५००/- (पाँच सय) थप दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी भुक्तानी गर्नुपर्नेछ। Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्काले भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनोट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई ढिलोमा दोब्बर दस्तुरको भोलिपल्ट सम्ममा बुझाइसक्नुपर्नेछ। यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१।६।१८ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८१।६।२९ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-**
- प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८१।६।१८ सम्म २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको।
- सङ्घीय र प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन २०७५ अनुसार सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि सङ्घीय निजामती सेवा वा स्थानीय सेवामा नियुक्ति भएका कर्मचारीहरूमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातहरूः-** दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवै तर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ।
*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ। प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरबाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाई नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ।*

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम।

**सेवा, शर्त र सुविधाः-** सेवा, शर्त र सुविधा सम्बन्धमा प्रचलित कानून बमोजिम हुने।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय

**यस सम्बन्धी विस्तृत विवरण यस आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np मा राखिएको छ।**